**नीति जेआइडिसिइ - निर्धालाई सताउने काम (वुलिङ्ग) लाई रोक्ने र शिक्षा दिने**

समुदायका लागि शिक्षाको केन्द्रको रुपमा रहेको डेनभर पब्लिक स्कूल्सको मुख्य उद्देश्य हाम्रा वालवालिका र युवाले आत्मनिर्भर नागरिक वन्न र आजीवन अध्ययनशील वन्न ज्ञान सीप र मूल्य मान्यताहरु हासिल गर्ने कुरालाई प्रत्याभूत गर्नु हो। सुरक्षित, पठनपाठनको लागि उपयुक्त तथा अनावश्यक विथोल्याइवाट मुक्त रहेको वातावरणमा ब्यैक्तिकृत पठनपाठनको अनुभूति प्रदान गरेर हामी आफ्नो यो मुख्य उद्देश्य हासिल गर्न सक्दछौं।

डेनभर पब्लिक स्कूल्सले धम्की, उत्पीडन र निर्धालाई सताउने (वुलिङ्ग) कुनै पनि किसिमको व्यवहारवाट मुक्त वातावरणमा अध्ययन एवं अध्यापनमा लागि प्रेरक भएको सुरक्षित विद्यालय वातावरण वनाउने कामलाई टेवा दिन्छ। दृष्टिकोणको निरन्तरतालाई प्रवर्धन गर्न तथा सवै निर्धालाई सताउने सवै किसिमका कामहरु (वुलिङ्ग) लाई याहाँ अस्वीकार्य मानिन्छ। त्यस्तो वातावरण सृजना गर्न शिक्षा समिति (वोर्ड अफ एजुकेशन) ले यो नीतिलाई अङ्गिकार गर्न लागेको छ।

**परिभाषा :** निर्धालाई सताउने काम (वुलिङ्ग) लाई, "विद्यालयमा, विद्यालयको मैदानहरुमा, विद्यालयको सवारी साधनहरुमा, विद्यालयले तोकेको वस विसौनीमा वा विद्यालयका क्रियाकलापहरु वा अनुमति दिइएका समारोहहरुमा एउटा वा धेरै विद्यार्थीहरु माथि हैरान पार्ने मनसायवाट गरिने कुनै पनि किसिमको लिखित वा मौखिक अभिव्यक्ति भौतिक कामकार्वाही वा हाउभाउ वा त्यस्तै खालको प्रबिधिको रुपमा" परिभाषित गरिएको छ। सिआरएस २२-३२-१०९.१ (२) (ए) (एक्स)

**परिणामहरु :** निर्धालाई सताउने (वुलिङ्ग) कुनै पनि काममा संलग्न रहने विद्यार्थी अनुशासनको कार्यबिधिसंग सम्वन्धित डिस्ट्रिक्टको नीति जेके तथा जेके–आर अनुसार उपयुक्त अनुशासनात्मक कार्यवाहीको भागी हुन्छ र यसमा निलम्वन गर्ने, निष्कासन गर्ने र/वा कानुन कार्यान्वयन गर्ने, अधिकारीहरु समक्ष पठाउने काम पर्न सक्नेछ। निर्धालाई सताउने काम (वुलिङ्ग) को गम्भीरता र स्वरुप यदि कुनै भए त्यसलाई अनुशासनात्मक कार्यवाही सम्वन्धी निर्णयहरु लिदा विचार गरिने छ।

निर्धालाई सताउने काम (वुलिङ्ग) लाई सम्वोधन गर्न सवै तहका कक्षाहरुका लागि सुपरिन्टेन्डेन्टले विस्तृत कार्यक्रम वनाउनेछन्। उक्त कार्यक्रम निम्न लक्ष्यहरु प्राप्ति तर्फ उन्मुख हुनेछ :

१. निर्धालाई सताउने काम (वुलिङ्ग) लाई सहन गरीने छैन भन्ने प्रष्ट सन्देश विद्यार्थीहरु, कर्मचारीहरु, आमावावुहरु तथा समुदायका सदस्यहरुलाई पठाउने।

२. तत्कालै हस्तक्षेप गर्न, अनुसन्धान गर्न तथा निर्धालाई सताउने काम (वुलिङ्ग) मा वानी परेका विद्यार्थीहरुसंगको मुकाविला गर्नका लागि कार्यविधिहरु लागू गर्ने।

३. निर्धालाई सताउने (वुलिङ्ग) काममा वानीपरेका विद्यार्थीहरुको व्यवहारलाई, स्वीकार्य व्यवहार छलफलहरु, परामर्श तथा उपयुक्त नकरात्मक परिणतिहरुको पुनरशिक्षा मार्फत परिवर्तन गर्न कार्यक्रमहरु आरम्भ गर्ने।

४. निर्धालाई सताउने काम (वुलिङ्ग) मुक्त वातावरण कायम राख्नमा सघाउनका लागि आमावावुहरु तथा समुदायका सदस्यहरुसंग उत्पादक साझेदारीको विकास गर्ने र त्यसलाई वढावा दिने।

५. व्यक्तिगत र समकक्षी परामर्शको माध्यमद्धारा निर्धालाई सताउने काम (वुलिङ्ग) का पीडितहरुलाई सहयोग गर्ने।

६. विद्यार्थीहरुको एक अर्का प्रतिको सकारात्मक, सहयोगात्मक व्यवहारहरुलाई नियमित रुपमा मान्यता दिने र प्रशंसा गर्ने।

अङ्गिकार गरिएको :

कानुनी सन्दर्भहरु : सि.आर.एस २२-३२-१०९.१ (२) (ए) (एक्स)

क्रस रिफरेन्स: जेके विद्यार्थीको आचरण र अनुशासन

अङ्गिकार गरिएको : नभेम्वर १५, २००९

संसोधन गरिएको : अक्टोबर १५, २००९

कानुनी सन्दर्भहरु : सि. आर. एस २२-३२-१०९.१ (२) (ए) (एक्स)

क्रस रिफरेन्स: जेके विद्यार्थीको आचरण र अनुशासन